
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । 100% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन १६ गते सोमबार ❑ 1 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## महानगरपालिकाको लागि छुट्टै ऐन आवश्यक

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन



भूगोल र जनङख्याको आधारमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ संघिय संसदबाट छुट्टै ऐन जारी गर्न माग गरिएको छ।

यही साउन १३ र १४ गते पोखरामा पहिलो पटक सम्पन्न भएको मेयर सम्मेलनमा सहभागि ६ वटा महानगरका मेयरहरुको सम्मेलनले ७ बुंदे संयुक्त घोषणा पत्र समेत सार्वजनिक गर्दै आइतबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा स्थानीय सरकार सञ्चालन ऐन संसोधन गर्न आवश्यक भएको सम्मेलनले निषकर्ष निकालेको हो।

संघ र प्रदेश सरकारहरुसँगको समन्वय, सहयोग र सहकार्यलाई अझ घनीभूत गर्दै महानगरीय सुशासन, नीति तथा योजना व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहलाई थप सहज बन्ने मम्मेलनले विश्वास लिएको पोखराका मेयर धनराज आचार्यले जनाए। संघिय सरकार र प्रदेश सरकारबाट समेत टुक्रे योजना पर्ने कति पय योजनाहरु दोहोरीने र स्थानिय तहलाई विना जानकारी योजनाहरु छनौट हुँदा प्रभावकारी ढंगले कार्यक्रम कार्यान्वयन नभएको पोखराका मेयर आचार्यले दाबी गरे। समय अनुसार फोहोर मैला डम्पिङ गर्नु भन्दा पनि फोहोरलाई अब कसरी पुनः प्रयोग गर्न सकिन्छ के कस्तो प्रविधि अपनाउन सकिन्छ त्यस तर्फ आफुहरु गम्भिर भएको पोखराका मेयर आचार्यले बताए। उक्त सम्मेलनको अध्यक्षता ग्रहण समेत गरेका मेयर आचार्यले संसार भरीका शहरहरुमा फोहोर मैला कसरी व्यवस्थापन गर्न सकिन्छ भन्ने चुनौती भएका वेला नेपालका ६ महानगरमा पनि यसको प्रमुख समस्या रहेको उल्लेख गरे। उनले भने "करिब २५ बर्ष अघि पोखरामा डम्पिङ साइड तत्कालिन अबस्थामा ठिकै हो, फोहोरको उचित प्रयोगले बिद्युत, मल, ग्याँस लगायतका बस्तु उत्पादन के गर्न सकिन्छ अब हामीले त्यस तर्फ ध्यान दिने छौं।" महानगरको भूगोल र साइज अनुसार फोहोर मैला प्रशोधन देखि व्याबस्थापन गर्नु साझा मुद्धा भएको मेयर आचार्यले जनाए।

महानगरपालिहरुका विशिष्ट प्राकृतिक, सास्कृतिक, एवं सामाजिक मौलिक चरित्र एवं समस्इा र सम्भावनाहरुलाई सम्मा र संवोधन गर्दै महानगरहरु बीच पारम्परिक सम्पर्क संजाल प्रबर्द्धन गरी आपसी सहयोग र सहकार्यलाई महानगर मञ्च नेपाल माध्यमद्धारा संस्थागत गर्न प्रण गर्ने घोषणा पत्रमा उल्लेख छ। त्यसै गरी महानगरले मञ्च नेपालद्धारा प्रत्येक बर्ष पालैपालो महानगर सम्मेलन गर्ने आयोजक संस्थाले नै सचिवालय समेत आवश्यक प्रबन्ध गर्ने, महानगरका छिमेकी उपमहानगर, नगरपालिका, गाउँपालिकाहरसंग समेत हरित तथा समावेशी पूर्वाधार सुशासन तथा विकास, वित्तिय लगानी, अयोजना तर्जुमा र कार्यान्वयन एवं सेवा प्रवाह क्षेत्रमा सहकार्य गर्ने सम्मेलनमा सहभागि मेयरहरुले जनाएका छन्। संयुक्त घोषणा पत्रमा पोखराका मेयर धनराज आचार्य, काठमाडौंका मेयर बालेन्द्र शाह, ललितपुरका मेयर चिरीबाबु महर्जन, चितवनका मेयर रेणु दाहाल, वीरगञ्जका मेयर राजेशमान सिंह र विराटनगरका मेयर नागेश कोइरालाले हस्ताक्षर गरेका छन्। आगामी बर्ष भरतपुर महानगरमा मेयर सम्मेलन हुने भएको छ। उक्त २ दिनसम्म सराङकोटमा संचालन भएको सम्मेलनमा ६ महानगरका मेयर, उपमेयर, प्रमुख प्रशासकिय अधिकृत, विज्ञ सहितको सहभागिता रहेको थियो।

## अर्थमन्त्रीमा पुन:शर्मा नियुक्त

रासस
काठमाडौं, १५ साउन



राष्ट्रपति विद्यादेवी भण्डारीले प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा जनार्दन शर्मालाई आइतबार अर्थमन्त्री पदमा नियुक्त गर्नुभएको छ।

अर्थमन्त्री जनार्दन शर्माले आइतबार साँझ पदभार ग्रहण गर्नुभएको छ। राष्ट्रपति कार्यालय शीतल निवासमा राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष पद तथा गोपनीयताको शपथ लिएपछि मन्त्री शर्माले आजै सिंहदरबारस्थित कार्यकक्षमा पुगेर पदभार ग्रहण गर्नुभएको हो। चालु आर्थिक वर्षको बजेट निर्माणका क्रममा अनाधिकृत व्यक्तिलाई संलग्न गराएको अभियोग लागेपछि उहाँले गत असार २२ गते प्रतिनिधिसभामा सम्बोधन गर्दै राजीनामा दिनुभएको थियो। नेकपा (माओवादी केन्द्र)का तर्फबाट अर्थमन्त्रीमा शर्मालाई नियुक्त गर्न प्रधानमन्त्री शेरबहादुर देउवालाई सिफारिस गरेको थियो। सोही आधारमा प्रधानमन्त्री शेरबहादुर देउवाको सिफारिसमा राष्ट्रपति विद्यादेवी भण्डारीले शर्मालाई अर्थमन्त्रीमा नियुक्त गर्नुभएको थियो।

पदभार ग्रहणपछि आयोजित कार्यक्रममा उहाँले विश्वव्यापी रूपमा अर्थतन्त्रमा समस्या देखिएको र त्यसको असर नेपालको अर्थतन्त्रमा पनि परेको भन्दै आन्तरिक रूपमा सबलीकरण गर्न लागिपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "हाम्रो अर्थतन्त्रको सबलीकरण गर्न लागिपर्छु।" मन्त्री शर्माले त्यसका लागि आयात प्रतिस्थापन गर्दै निर्यात बढाउने गरी काम गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "हाम्रो अर्थमन्त्र सबलीकरण गर्नुपर्छ। त्यसका लागि आयात प्रतिस्थापन, निर्यात वृद्धि तथा विदेशी मुद्राको सञ्चिति बढाउनुपर्छ।" उहाँले गत आवको बजेट कार्यान्वयनमा देखापरेका कमी कमजोरीलाई समीक्षा गर्दै चालु आवको बजेट कार्यान्वयनमा लागिपर्ने बताउनुभयो।

उहाँले बजेट कार्यान्वयनका लागि कर्मचारीतन्त्रले सबैले सहयोग गर्नेमा आफू विश्वस्त रहेको समेत उल्लेख गर्नुभयो। बजेट निर्माणमा अनाधिकृत व्यक्तिलाई संलग्न गराई करको दरमा हेरफेर गरेको आरोप लागे पनि नैतिकता देखाउँदै उहाँले राजीनामा गर्नुभएको थियो। उहाँले आफू छानबिनका लागि तयार रहेको बताउनुभएको थियो। प्रतिनिधिसभाले गठन गरेको समितिले उहाँलाई शुक्रबार निर्दोष रहेको बताएको थियो।

## खानेपानी तथा सरसफाइ विधेयक पारित

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

गण्डकी प्रदेशसभाको आइतबारको बैठकले गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाइ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ।

बैठकमा गण्डकी प्रदेशका ऊर्जा, जलस्रोत तथा खानेपानीमन्त्री हरि शरण आचार्यले विधायन समितिको प्रतिवेदनसहित विधेयक पारित गरियोस् भन्दै गर्नुभएको प्रस्तावलाई सभाले सर्वसम्मत पारित गरेको हो। यसअघि विधेयकमाथि उठेका प्रश्नको जवाफ दिँदै मन्त्री आचार्यले प्रदेशमा खानेपानी तथा सरसफाइलाई व्यवस्थित गर्नका लागि विधेयक ल्याइएको बताउनुभयो।

विधेयक माथिको दफाबार छलफलमा प्रदेशसभा सदस्य मीनप्रसाद गुरुङले खानेपानी र सरसफाइ मानव जीवनका लागि महत्वपूर्ण हुने बताउँदै समृद्ध प्रदेशका स्वस्थ नागरिकका लागि खानेपानी तथा सरसफाइ अपरिहार्य हुने बताउनुभयो। प्रदेशको एकल अधिकारको प्रयोग गर्दै विधेयक आएको उहाँले बताउनुभयो। अर्का सदस्य ललितकला गुरुङले जनताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने स्वच्छ पिउने पानीको विषय अत्यन्त महत्वपूर्ण भए पनि विधेयक ढिला आएको बताउनुभयो। विधायन समितिमा यसलाई मसिनोसँग छलफल गरेको उहाँले बताउनुभयो। जनतालाई स्वच्छ पानी पुऱ्याउनु सरकारको दायित्व भएको बताउँदै उहाँले विधेयक महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो। दिलमाया रोका मगर गौतमले गण्डकी प्रदेशसभाको पाँच वर्षमा विधेयक आउन लागेको बताउँदै यो विधेयक आफैँमा महत्वपूर्ण रहेको बताउनुभयो। विधेयकमा सबै विषय समेटिएको उहाँले बताउनुभयो। बैठकको शून्य तथा विशेष समयमा सदस्यहरू प्रकाशचन्द्र दवाडी, मीनप्रसाद गुरुङ, जुनादेवी नेपाली, इन्द्रलाल सापकोटाले बाढी पहिराको प्रभाव एवम् समसामयिक विषयमा प्रदेशसभा तथा सरकारको ध्यानाकर्षण गराउनुभयो।


Little Step Secondary School
Simalchaur, Pokhara – 8
061-550796, 531965, 525013

Admission Open
for the academic session 2079 in
Grade XI
Science | Management
Hotel Management

1. Eligibility:
a. Obtained with the specified GPA as per NEB.
2. Documents required:
a. Copy of the SEE grade sheet.
b. 2 copies of PP size photograph.
3. Entrance exam schedule:
Date: 19th Shrawan 2079. (Thursday)
Time: 12:00 pm.
4. Subject of entrance exam:
a. Science: English, Math & Science
b. Management & Hotel Management: English & Math



Admission form is being distributed from account section.
Attractive scholarship is availed based on academic credentials & economic status.





# महानगरका प्रमुखहरूद्वारा सराङकोटमा लालीगुराँसका बिरुवा रोपण

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन

महानगर प्रमुखहरूले पोखराको पर्यटकीय गन्तव्य सराङकोटस्थित शिव मन्दिर भ्यूटावर परिसरमा ११ प्रजातिका लालीगुराँसको वृक्षरोपण गर्नुभएको छ । पोखरा महानगरको आयोजनामा 'मेयर सम्मेलन-२०७९' का लागि पोखरा आउनुभएका देशका महानगरपालिकाका प्रमुखहरूले लालीगुराँसको बिरुवा रोप्नुभएको हो ।

पोखरा आसपासका अग्ला डाँडामा लालीगुराँस रोप्ने र खाली जमिनमा सौन्दर्यकरण गर्ने उद्देश्यका साथ देशभरका महानगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र विज्ञहरूको सहभागितामा शनिबार सराङकोटमा लालीगुराँसका बिरुवा सारिएको पोखरा महानगर प्रमुख धनराज आचार्यले बताउनुभयो । साथै अग्ला डाँडामा लालीगुराँस रोप्ने अभियानलाई महानगरले आवश्यक सहयोगसमेत गर्ने उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा महानगरका प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र विज्ञहरूको उत्साहजनक सहभागिता रहेको थियो । उहाँहरूले सराङकोटजस्तो पर्यटकीय र रमणीय स्थानमा नेपालको राष्ट्रिय फूल लालीगुराँस सार्ने अवसर दिएकामा पोखरा महानगरपालिका प्रति आभारसमेत व्यक्त गर्नुभयो । हरियाली तथा सौन्दर्यकरणप्रति पोखरा महानगरको चासोलाई उहाँहरूले खुलेरै प्रशंसा गर्नुभयो ।

ती बिरुवा लालीगुराँस संरक्षण तथा विकास अभियन्ता ढाकाराम लामिछानेको सहयोगमा तेह्रथुमबाट ल्याइएको हो भने नेपालमा पाइने ३२ प्रजातिकै बिरुवा खाली जग्गामा रोप्ने योजना बनाइएको छ । यसअघि पनि त्यस स्थानमा लालीगुराँसका बिरुवा सारिएको थियो । महानगरका अग्ला डाँडा पाखामा लालीगुराँस रोपेर संरक्षण गर्न सके सौन्दर्यकरणसँगै राष्ट्रिय फूलको महत्व बढ्ने विश्वास लिइएको छ । यही साउन १३ र १४ गते सम्पन्न भएको मेयर सम्मेलन पोखरा घोषणापत्र जारी गरी शनिबार साँझ सकिएको छ । पोखरा घोषणापत्रका बारेमा आज बिहान सञ्चारकर्मीलाई जानकारी दिने कार्यक्रम छ ।

सम्मेलनमा काठमाडौं महानगरका प्रमुख बालेन्द्र शाह, ललितपुरका प्रमुख चिरिबाबु महर्जन, भरतपुरका प्रमुख रेणु दाहाल, वीरगञ्जका प्रमुख राजेशमान सिंह, विराटनगर प्रमुख नागेश कोइराला र आयोजक पोखराका प्रमुख आचार्यसहित उपप्रमुखहरू र प्रमुख प्रशासकीय अधिकृतहरू सहभागी हुनुहुन्थ्यो ।

# इशानेश्वर करापुटार पोखरा सम्पर्क समाजको रक्तदान

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन



इशानेश्वर करापुटार पोखरा सम्पर्क समाजको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा ५९ युनिट रगत संकलन भएको कार्यक्रम संयोजक एवं समाजका सहसचिव प्रल्हाद चन्द्र घिमिरेले जानकारी दिनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि एवं समाजका संस्थापक अध्यक्ष ऋषिकेशव सुवेदीले समाजका सदस्यहरुको हितका लागि काम गर्दै आएको समाजले रक्तदान कार्यक्रमको आयोजना गरि मानविय सेवाको काममा उल्लेखनिय काम गरेको बताउनुभयो । त्यस्तै नेपाल रेडक्रस सोसाइटी रक्तसंचार सेवा केन्द्र पोखराका प्रमुख अर्जुन ज्ञवालीले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्नुभयो । कार्यक्रममा गण्डकी विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानका बैज्ञानिक डा.निरञ्जन कोइरालाले रक्तदानको महत्वको बारेमा प्रकाश पार्नुभयो ।

कार्यक्रममा नियमित रक्तदान गर्दै आउनुभएका कमल राज पन्तले ५१ औं पटक रक्तदान गर्नुभयो । समाजका अध्यक्ष बलराम घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमको संचालन सचिव निर्मल सोतीले गर्नुभएको थियो भने समाजका प्रथम उपाध्यक्ष प्रकाश चन्द्र घिमिरेले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।कार्यक्रममा स्वागत संयोजक प्रलूहाद चन्द्र घिमिरेले गर्नुभएको थयो ।

# समावेशी टोलको अध्यक्षमा गिरी

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन



पोखरा महानगरपालिका-१४ चाउथेमा रहेको समावेशी टोल विकास संस्थाको अध्यक्षमा पुनः राजु गिरी सर्वसम्मत निर्वाचित हुनुभएको छ ।

संस्थाको शनिबार सम्पन्न नवौं साधारणसभा तथा चौथो अधिवेशनले गिरीको अध्यक्षतामा १३ सदस्सीय नयाँ कार्यसमिति चयन गरेको हो ।

संस्थाको उपाध्यक्षमा शान्ता परियार, सचिवमा जीतबहादुर थापा, सहसचिवमा गोविन्द अधिकारी, कोषाध्यक्षमा रामप्रसाद पाण्डे चयन हुनुभयो ।

सदस्यहरुमा सरेन्द्र पण्डीत,लालबहादुर गुरुङ, दिलकुमार श्रेष्ठ, दिल जैसी, सोविन्द्रा श्रेष्ठ, चन्द्रकला कुँबर क्षेत्री, अनुष्का पौडेल सुवेदी र सुनिता पराजुली चयन हुनुभयो । साधारणसको उद्घाटन गर्दै नेकपा(माओवादी केन्द्र) गण्डकी प्रदेशसभाका प्रमुख सचेतक सांसद गायत्री गुरुङले विकास आवश्यकताका आधारमा हुने भएकाले आफ्नो गाउँ टोलको विकासमा सोही ठाउँका बासिन्दा अग्रसर हुनुपर्ने बताउनुभयो । समावेशी टोल पोखरामानै नमूना टोलका रुपमा स्थापित भएको उल्लेख गर्दै निर्वाचन पूर्वाधार कार्यक्रमबाट आफूले प्रवेशद्धार निर्माणमा रु पाँच लाख बजेट विनियोजन र पहिरो व्यवस्थापन, बाटो निर्माणमा बजेट विनियोजन गरिएको बताउनुभयो । विकासमा राजनीतिक आँखाले हेर्न नहुनेमा जोड दिनुभयो । वडाध्यक्ष बोधबहादुर कार्कीले टोल विकासका लागि वडा कार्यालय साथमै रहेको बताउँदै फोहोरमैला शुल्क नतिर्नका लागि वडावासीमा आग्रह गर्नुभयो । वडा नं १४ मै फोहोरव्यवस्थापन स्थल रहेकाले वडावासीलाई फोहोरशुल्क मिनाहा गरिएको जानकारी दिनुभयो ।

कार्यक्रममा सांसद गात्रयी गुरुङ, वडाध्यक्ष बोधबहादुर कार्की र समावेशी टोल निवासी एवं शुल्का गण्डकी वडा नं१२ वडाध्यक्ष इन्द्र गुरुङ र संस्थाका निर्वतमान अध्यक्ष माधवप्रसाद बराललाई दोसल्ला, माला र मायाको चिनो र खादाबाट सम्मान गरिएको थियो । कार्यक्रममा प्रमुख अतिथि गुरुङले प्रवेशद्धारको उद्घाटन समेत गर्नुभएको थियो ।

# पिसिएमको वार्षिकोत्सवमा वृक्षारोपण

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन




पोखरा कलेज अफ म्यानेजमेन्टको २० औं वार्षिकोत्सवको अवसरमा आइतबार वृक्षारोपण कार्यक्रम सम्पन्न भएको छ ।

पोखरा महानगरपालिका वडा नं. ११ काहुँडाँडामा १० प्रजातीका करिव १५० विरुवाहरु वृक्षारोपण गरिएको कलेजका बिबिए कार्यक्रम संयोजक सरोज कुँबरले बताउनुभयो । कलेज व्यवस्थापन समितीका अध्यक्ष विनोद कायस्थ, संचालक प्रान्जल कायस्थ र प्राचार्य लिना नेगी श्रैष्ठले संयुक्त रुपमा कार्यक्रमको उद्घाटन गर्नु भएको थियो । कार्यक्रममा शिक्षक, कर्मचारी र विद्यार्थीहरुको उल्लेख्य सहभागिता रहेको थियो । पोखरा विश्वविद्यालयको सम्बन्धन प्राप्त गरी २०५८ मा स्थापित यस कलेजले हाल स्नातक तहमा बिबिए र बिसिआईएस (आईटी) कार्यक्रमको अध्यापन गराउँदै आइरहेको छ । यस कलेजबाट हालसम्म चार हजारभन्दा बढि विद्यार्थीहरुले अध्ययन पुरा गरी उद्योग, बैंक, इन्सुरेन्स, पर्यटन, प्राध्यापन, सुचना प्रविधि कम्पनी लगायतका क्षेत्रमा कार्य गरिरहेको सह प्राचार्य ई. हरी प्रसाद बराललले बताउनुभयो ।

# स्याङ्जामा आठ सय ९४ नयाँ उद्योग थपिए

पोखरापत्र संवाददाता
वालिङ, १५ साउन

स्याङ्जामा गत आर्थिक वर्ष २०७८/७९ मा आठसय ९४ वटा नयाँ उद्योग थपिएका छन् ।

जिल्लामा पछिल्लो समय ८९४ वटा कृषि तथा पशुपक्षी र ससानो पुँजीका घरेलु तथा साना उद्योग थपिएका हुन् । तुलनात्मकरुपमा जिल्लामा कृषि तथा पशुपक्षीसँग सम्बन्धित फार्म तथा उद्योग बढी थपिएका घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख श्रीप्रसाद रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार गत आर्थिक वर्षमा ८९४ घरेलु तथा साना उद्योग थपिँदा वाणिज्य (पसल, व्यवसाय)तर्फ ६८४ वटा नयाँ दर्ता भएका थिए । उद्योग तथा व्यवसाय महिलाका नाममा दर्ता गर्दा शुल्कमा ५० प्रतिशत छुट हुने भएकाले पनि महिलाका नाममा उद्योग तथा व्यवसाय दर्ता गर्नेक्रम बढ्दो रहेको छ । आव २०७७/७८ को तुलनामा आव २०७८/७९ मा उद्योग तथा व्यवसाय दर्तामा कमी आएको छ । आव २०७७/७८ मा एक हजार ४७५ उद्योग दर्ता भएका थिए भने ९६६ पसल तथा व्यवसाय दर्ता भएका थिए । आव २०७७/७८ को तुलनामा गत आवमा ५८१ वटा उद्योग दर्तामा कमी भएको छ भने वाणिज्यतर्फ २८२ दर्ता भएका थिए । पछिल्लो समय स्थानीय पालिकामा व्यवसाय दर्ता गर्ने गरिएकाले पनि घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्नेक्रम घटेको कार्यालयले जनाएको छ ।

कार्यालयले गत आव मा ७९ वटा उद्योग र एक सय १० वटा वाणिज्य (पसल, व्यवसाय) को दर्ता खारेजी गरेको थियो । जिल्लामा २०७९ असार मसान्तसम्ममा आठ हजार ९१२ उद्योग दर्ता भएकामा पाँच हजार ८८३ वाणिज्य (पसल, व्यवसाय) दर्ता भई सञ्चालनमा रहेका छन् ।

कार्यालयले गत आव २०७८/७९ मा उद्योग व्यवसाय दर्ता, नवीकरण, विलम्ब शुल्क, नामसारी, ठाउँसारी, पुँजीवृद्धि, लगत कट्टा तथा खारेजीजस्ता कार्यबाट रु ७० लाख चार हजार ३४५ राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख रेग्मीले बताउनुभयो ।

# प्रभावकारी काम गर्न अध्यक्ष ओलीको निर्देशन

रासस
काठमाडौं, १५ साउन

नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले पार्टीका गतिविधिलाई प्रभावकारीरुपमा सञ्चालन गर्न केन्द्रीय विभागलाई निर्देशन दिनुभएको छ ।

एमालेका केन्द्रीय कार्यालय, च्यासलमा आइतबार आयोजित केन्द्रीय विभागका प्रमुख, उपप्रमुख र सचिवहरुको बैठकमा अध्यक्ष ओलीले कार्ययोजना तयार गरी पार्टीसँग समन्वय गरेर आफ्नो विभागको कार्यक्षेत्रमा केन्द्रित भएर लाग्न तथा सरकारका गलत कामको विरोध र जनताका वास्तविक समस्यामा ध्यान दिन निर्देशन दिनुभयो । च्यासलस्थित पार्टी मुख्यालयमा बसेको बैठकमा पार्टीका विभिन्न ३३ विभागका प्रमुख, उपप्रमुख र सचिवहरु सहभागी रहेको केन्द्रीय प्रचार विभाग उपप्रमुख विष्णु रिजालले जानकारी दिनुभयो ।


## तु: आवश्यकता

निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा योग्य एवं दक्ष व्यक्तिले तुरुन्त सम्पर्क राख्नुहोला ।

पद: लेखापाल (Accountant) १ जना
नोट: कम्प्युटरमा दक्ष साथै, tally चलाउन जानेको, १०+२ पास हुनुपर्नेछ ।
पद: सेल्स मेन (Sales Man) २ जना
१०+२ पास गरेको
पद: बजार प्रतिनिधि १ जना
(Market Representative)
पद: कार्यालय सहयोगी (Office Helper) १ जना

सम्पर्क:
पैयू पर्वत सुन चाँदी दुकान
महेन्द्रपुल, पोखरा-४ (बुद्ध बिशाल बजार मेन गेटसँगै)
फोन: ०६१-५५३४९०, ९८५६०३२५६६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्धार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्धारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्धार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# एमालेको संगठन शुद्धीकरण योजना

नेपाल कम्युनिस्ट पार्टी एमालेले स्थानीय निर्वाचनको परिणाम पछि  निर्वाचनको संक्षिप्त समिक्षा गर्दै संगठन सुदृढीकरणका लागि प्रशिक्षण अभियान संचालन गरेको छ। एमालेका सांगठनिक संरचना पहिलेको जस्तो चुस्त र चलायमान हुन छाडेका छन । भद्दा कमिटी बनाएका कारण कमिटी कामकाजी बन्न सकेका छैनन् । जति ठूलो संख्यामा कमिटी बनाए पनि सबै निर्णय र कामको बोझ नेतृत्व र पदाधिकारीले लिने गरेका छन । कमिटीको बैठक पनि सम्मेलन जस्तै हुने गरेका छन । नेतृत्वले कमिटीका सदस्य नचिन्ने र सदस्यले नेतृत्वसँग परिचय गर्न पनि नपाउने अवस्था छाजति धेरै कार्यकर्ता त्यतिधेरै काम विहिनको अवस्था आउनु विडम्बना हो ।

कमिटीका पदाधिकारी र सदस्यलाई परिचालन गर्न नसकेपछि कमिटीको औचित्य देखिदैन । नेपाली उखान आफू भने सुब्बीनी के खाएर उभिनी भने जस्तै पार्टी ठुलो कार्यकर्ता कसरी चलेको र बँचेको छ भनेर थाहा नहुने अवस्थाका कारण पार्टीमा घात अन्तरघातका समस्या झाँगिएको छ। पार्टीमा देखिएका समस्या र कमिटी तथा सदस्यलाई कृयाशील गराउन सात वटै प्रदेशमा संगठन सुदृढीकरण र परिचालन अभियान संचालन भइरहेको छ । पार्टीका उपाध्यक्षको अगुवाइमा भएको अभियान जिल्ला तहसम्म भएको छ । साउन १६ गतेदेखि २५ गतेसम्म पालिका र त्यसपछि वडासम्म संचालन गर्ने भएको छ। आउँदो संघ र प्रदेश संसद सदस्यको निर्वाचन लक्षित गरेर अभियान चलाउन खोजिएको हो ।

नेकपा (एमाले) गण्डकी प्रदेश कमिटीले सांगठानिक सुदृढीकरण र कार्यकर्तालाई वैचारिक रूपमा प्रशिक्षित गर्न प्रशिक्षण अभियान  सञ्चालन गरिरहेको छ। गण्डकी प्रदेश कमिटीको ११ औं पूर्ण बैठकले केन्द्रीय कमिटीको अन्तरपार्टी निर्देशन (अपानी) अनुसार साउन महिनामा भेला तथा प्रशिक्षण आयोजना गर्ने निर्णय कार्यान्वयनमा ल्याएको छामहासचिव शंकर पोखरेलको उपस्थितिमा भएको बैठकमा निर्वाचनमा कमी कमजोरी भएको स्वीकार गर्दै सुधार गरेर जानुपर्नेमा जोड दिएको छ ।

स्थानीय तहको निर्वाचनमा पार्टीले पाएको मत संरक्षण र पार्टीभित्रको आन्तरिक एकतालाई सुदृढ गर्नुपर्ने खाँचो सबैले महशुस ‘गरेका छन।स्थानीय तहको निर्वाचन २०७ मा पार्टीले  विजय हासिल गरेको अनपेक्षित हो । चुनावी समिक्षा सहित बैठकले गण्डकी प्रदेश स्तरीय कार्यकर्ता भेला, भएको छ । जिल्लाको प्रशिक्षण सकिने चरणमा छ। अब जनवर्गीय संगठनका भेला, जनप्रतिनिधिहरूको प्रशिक्षण बाँकी  रहेको छ ।

पार्टीले साउन १२ गते मुस्ताङ, म्याग्दी र बागलुङ र साउनको १३ गते कास्की, पर्वत र तनतनहुँको प्रशिक्षण भेला गर्ने जानकारी दिदै सचिव दवाडीले साउन १४ गते स्याङ्जा, गोरखा र लमजुङमा प्रशिक्षण भएका छन । जिल्लाले साउनको १६ देखि २५ पालिका स्तरीय प्रशिक्षण गरी सक्न बैठकले निर्देशन दिने निर्णय गरेको छ। बैठकले स्थानीय तहको निर्वाचन २०७९को समीक्षासहित भावी योजना पनि तय गरेको छ । ती योजना कार्यान्वयन हुन सके पहिलेको भन्दा राम्रो अवस्थामा दलहरू पर्नेछन् ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सम्मान मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : अप्रत्यसित लाभ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : मन चञ्चल |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तनहुँबाटै सवारी चालक अनुमतिपत्र नवीकरण

**पोखरापत्र संवाददाता**
**तनहुँ, १५ साउन**

यातायात व्यवस्था कार्यालय तनहुँले आइतबारदेखि सवारी चालक अनुमतिपत्र (लाइसेन्स) नवीकरण सुरु हुने भएको छ । यातायात व्यवस्था कार्यालय कास्कीबाट मात्रै सवारी चालक अनुमति पत्र नवीकरण हुँदै आएकामा आजबाट बन्दीपुर गाउँपालिका–४ विमलनगरस्थित कार्यालयबाट अनुमतिपत्र नवीकरण सुरु हुन लागेको हो ।

सवारी चालक अनुमतिपत्र जुनसुकै कार्यालयबाट जारी भएको भएता पनि सेवाग्राहीको स्थायी बसोबास गण्डकी प्रदेशभित्र भएको हुनुपर्ने निमित्त कार्यालय प्रमुख विष्णुबहादुर क्षेत्रीले जानकारी दिनुभयो । डिएलआरएस र इडिएलभिआर एसमा रहेको विवरण पूर्णरूपमा मिलेको खण्डमा मात्र सवारी चालक अनुमतिप नवीकरण गर्न सकिने उहाँले बताउनुभयो। उहाँका अनुसार सक्कल सवारी चालक अनुमतिपत्रसहित प्रतिलिपि र नेपाली नागरिकताको प्रतिलिपि समावेश गर्नुपर्नेछ । सरकारबाट मान्यताप्राप्त चिकित्सकबाट यातायात व्यवस्था नियमावली, २०५४ को अनुसूची १८ बमोजिमको निरोगिताको प्रमाणपत्र पेश गर्नुपर्ने कार्यालयले जनाएको छ । सवारी चालक अनुमतिपत्र हराएको खण्डमा सम्बन्धित कार्यालयबाट नै प्रतिलिपि लिनुपर्ने जनाइएको छ । सेवाग्राहीको अनुपस्थितिमा वा विदेशमा भएको अवस्थामा अनुमतिपत्र नवीकरण हुनेछैन । सेवाग्राहीको औठाछाप नमिलेको खण्डमा लाइसेन्स नवीकरण नहुने जनाइएको छ । कागजी लाइसेन्सको हकमा स्मार्ट लाइसेन्समा रुपान्तरण भइसकेको हुनुपर्ने कार्यालयले जनाएको छ। कार्यालयले जिल्लाबाटै सवारी साधन दर्तासमेत सुरु गरिसकेको छ । यो कार्यले तनहुँ मात्र नभई गोरखा, लमजुङका सर्वसाधारणलाई पनि सहज हुनेछ। कार्यालयले स्थापनाकालदेखि नै बिलबुक नवीकरणको काम गर्दै आएको छ।

# खीर खाएर मनाइयो साउन १५

**रासस**
**काठमाडौं, १५ साउन**

नेपाली समाजमा परापूर्वकालदेखि मनाउँदै आएको सांस्कृतिक पर्व साउन १५ आइतबार घरघरमा खीर खाएर मनाइएको छ।

वर्षा ऋतुका बेला असार १५ गते दही चिउरा र साउन १५ मा खीर खाने प्राचीनकालदेखिको परम्परा नेपाली समाजमा रहँदै आएको छ । साउने झरी पर्ने बेलामा तातो खीरले स्वास्थ्यलाई राम्रो गर्ने भएकाले खाने गरिएको हो । दूधमा मरमसलालगायत चीजबीज हालेर बनाइने खीरले स्वास्थ्यमा राम्रो गर्ने भएकाले यसको परम्परा बसेको विश्वास गरिन्छ । संस्कृत भाषामा पायस भनिने खीर सात्विक आहार मध्येमा उत्तम मानिने भएकाले पितृ एवं देव कार्यमा पनि महत्वपूर्ण वस्तुका रूपमा वैदिक शास्त्रमा वर्णन गरिएको धर्मशास्त्रविद् एवं नेपाल पञ्चाङ्ग निर्णायक समितिका पूर्वाध्यक्ष प्राडा रामचन्द्र गौतम बताउनुहुन्छ । साउनमा गाउँघरमा पनि खेतीपातीको काम सकिन्छ । हरियाली बढी हुने भएकाले घाँस बढी पाइन्छ । राम्रा धेरै घाँस पाइने बेलामा गाई, भैँसीले पनि धेरै दूध दिन्छन् । दूध धेरै भएपछि इष्टमित्र, चेलबेटीलाई घरमा बोलाएर खीर खाने चलन सुरु भएको हो ।

साउन भगवान् शिवको महिना हो । शिवलाई दूध र दूधमा बनेका परिकार मनपर्ने भएकाले विधिपूर्वक चढाइन्छ । यसैले गर्दा साउनको मध्य पारेर खीर खाने प्रचलन चलेको हुन सक्ने धर्मशास्त्रविद् गौतम बताउनुहुन्छ । तर यसको कुनै शास्त्रीय वचन वा प्रमाण भने छैन । ऋषिमुनिको पालादेखि नै श्राद्धलगायत पितृ कार्यमा निमन्त्रणा गरिएका ब्राह्मणलाई पायस अर्थात् खीर खुवाउने गरिएको थियो। अहिले पनि वैदिक सनातन धर्मावलम्बीले श्राद्धका दिन अनिवार्य रूपमा गाईको दूधमा पायस अर्थात् खीर बनाउँछन् । यसैगरी साउन महिनामा हरियो मकै धेरै पाइने भएकाले मकैको खीरसमेत बनाएर खाने चलन छ । खीर खाँदा देवतालाई चढाएर खानुपर्छ भन्ने धार्मिक विश्वास रहिआएको छ । नेपाली बृहत् शब्दकोशले ‘दूधमा पकाइएको भात, दूधमा चामल, चिनी, मसला आदि हाली पकाइएको स्वादिष्ट खाद्य पदार्थ, पायस, तस्मै’ भनी खीरलाई परिभाषित गरिएको छ।

नेपाली समाजमा असार १५ गते दही चिउरा, साउन १५ गते खीर, भदौ १५ गते पोलेको मकै, पुस १५ गते घीउ खट्टे, माघ १५ गते मालपुवालगायत चीजबीज बनाएर इष्टमित्र एवं छोरी चेलीलाई बोलाएर खुवाउने र आफू पनि खाने लौकिक चलन रहिआएको छ।

खीर खाने पर्वका रूपमा साउन १५ मनाइने भएकाले आज बजारमा दूधको बिक्री पनि धेरै भएको व्यवसायीले जनाएका छन् । धेरै स्थानमा दिउँसै दूध सकिएको थियो ।

# प्रशासकीय अधिकृतलाई हाजिर नगराइ फिर्ता

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १५ साउन**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सरुवा गरेर पठाएका प्रमुख प्रशासकीय अधिकृतलाई मङ्गला गाउँपालिकाले फिर्ता पठाएको छ।

मन्त्रालयबाट सरुवा भएर आएका प्रमुख प्रशासकीय अधिकृत चुर्णबहादुर कार्की हाजिर हुनका लागि शुक्रबार बाबियाचौरस्थित कार्यालयमा पुग्नुभएको थियो । “साउन ५ गतेको निर्णयानुसार मङ्गला गाउँपालिकामा सरुवा भएको रमनापत्र लिएर हाजिर हुन गएको थिएँ”, उहाँले भन्नुभयो, “मन्त्रालयले समन्वय नगरी सरुवा गरेर पठाएकाले हाजिर गराउन नसक्ने पत्र दिएर पठाउनुभयो ।” मङ्गलाका प्रशासकीय अधिकृत मनोहर ढुङ्गानाको हालै अन्यत्र सरुवा भएको थियो। बागलुङको काठेखोला गाउँपालिकाका प्रशासकीय अधिकृत कार्कीलाई मन्त्रालयले मङ्गलामा सरुवा गरेर पठाएको हो । पालिकाले हाजिर नगराएपछि बागलुङ फर्कनुभएका कार्कीले मन्त्रालयमा जानकारी गराउने बताउनुभयो । मङ्गला गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोकाले “मन्त्रालयले एक जनालाई भनेर अर्कालाई सरुवा गरेर पठाएकाले हाजिर नगरी फिर्ता गरेको” प्रतिक्रिया दिनुभयो । “उहाँ (कार्की) पनि सल्लाह समन्वय नगरी सरुवा भएर आउनुभयो”, अध्यक्ष रोकाले भन्नुभयो, “मन्त्रालयले एउटालाई भनेर अर्कालाई सरुवा गरेर पठाएछ ।”काम गर्नलाई सहज र सहयोग गर्ने प्रशासकीय अधिकृत चाहिने अध्यक्ष रोकाले बताउनुभयो। प्रशासकीय अधिकृत ढुङ्गानाको सरुवा भएपछि गाउँपालिकाले सूचना अधिकारी राजेन्द्र आचार्यलाई निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिएको छ।

# कालिका मन्दिरको पार्किङ शुल्क मानव सेवा आश्रमलाई

**पोखरापत्र संवाददाता**
**बागलुङ, १५ साउन**

गण्डकी प्रदेशकै उत्कृष्ट धार्मिक गन्तव्य बागलुङ कालिका मन्दिर परिसरको पार्किङ व्यवस्थापनको जिम्मा मानव सेवा आश्रमलाई दिइएको छ।

कालिका मन्दिरको परिसरमा रहेको पार्किङबाट प्राप्त हुने रकम मानवसेवा आश्रमले सदुपयोग गर्ने भएको हो। कालिका भगवती गुठी व्यवस्थापन समिति र मानवसेवा आश्रमबीच मन्दिर परिसरमा रहेको पार्किङलाई व्यवस्थितबनाइत्यसबाटप्राप्तरकम मानवसेवा आश्रमको संरक्षणमा रहेका सहयोगापेक्षी बेसहारा सडकमानवको व्यवस्थापनका लागि प्रयोग गर्नेगरी सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।

सम्झौता पत्रमा कालिका भगवती गुठी व्यवस्थापन समितिका तर्फबाट समितिका अध्यक्ष कुमार खड्का र मानव सेवा आश्रमका तर्फबाट संस्थाका बागलुङ जिल्ला संयोजक विपना तामाङले हस्ताक्षर गर्नुभएको छ । कालिका मन्दिरको पार्किङ जग्गामा मानवसेवा आश्रमले सम्पूर्ण व्यवस्थापकीय कर्तव्य पूरा गरी सङ्कलन भएको रकम आश्रमलाई हुने सहमति भएको हो । कालिका मन्दिरको मानवीय सेवाअन्तर्गत पार्किङ व्यवस्थापनबापत उठेको रकम आश्रमलाई दिइने भएको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो।

“न्यूनतम मूल्यमा सवारी पार्किङ गर्न मन्दिर परिसरमा पाइन्छ, आश्रमलाई सहयोग भने पनि इच्छाले बढी दिनसमेत पाइयो”, अध्यक्ष खड्काले भन्नुभयो, “आश्रमले नै एक जना शुल्क उठाउने मानिस खटाउँछ, पार्किङ व्यवस्थापन पनि हुने र सहयोग पनि हुने भएकाले आश्रमसँग सम्झौता गरिएको छ।” खड्काका अनुसार आगामी पाँच वर्षभित्र मन्दिरले मानवीय सेवाका लागि एम्बुलेन्स, शव बाहन र दमकलसमेत सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ।

समितिले पार्किङ शुल्कसमेत निर्धारण गरेको छ। दुईपाङ्ग्रे सवारी साधनका लागि रु पाँच, माइक्रो, कार, जीप, भ्यानका लागि रु १० र बसका लागि रु २० निर्धारण गरेको छ । मानवसेवा आश्रम बागलुङ शाखा २०७३ सालमा स्थापना भए पनि आश्रमको आफ्नै भवन निर्माणाधीन अवस्थामा छ । आश्रमको भवन निर्माणका लागिसमेत विभिन्न सहयोग सङ्कलन अभियान चलाइएको छ।

मानवसेवा आश्रम बागलुङ शाखामा हाल ५० जना सहयोगापेक्षी बेसहारा तथा सडकमानव आश्रित रहेको शाखाका अध्यक्ष शिव खड्काले बताउनुभयो।

# कार्यालय भवन निर्माणको लागि गोप्य शिलवन्दी बोलपत्र आब्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९।०४।१६**

**यस सुरक्षा पालुवा वचत तथा ऋण सहकारी संस्था लिमिटेडले कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं–३३, कालिकास्थानमा आफ्नो कार्यालय भवन निर्माण गर्न लागेकाले कार्यालय भवन निर्माण कार्यको लागि नेपाल सरकारवाट ईजाजत प्राप्त ईच्छुक निर्माण कम्पनी तथा व्यवसायीवाट गोप्य शिलवन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।**

१. बोलपत्र फाराम संस्थाको प्रधान कार्यालय,पोखरा–३३, कालिका स्थानबाट रु.२,०००।– (अक्षरुपी दुई हजार रुपैया मात्र) (फिर्ता नहुने गरी) भुक्तानी गरि कार्यालय समय भित्र खरिद गर्न सकिनेछ।
२. यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र गोप्य शिलवन्दी बोलपत्र संस्थाको प्रधान कार्यालय, कालिकास्थानमा पेश गर्नुपर्नेछ।
३. बोलपत्र पेश गर्ने निर्माण कम्पनी तथा व्यवसायी अनिवार्य रुपमा मुल्य अभिवृद्धी कर (VAT) मा दर्ता भएको हुनुपर्नेछ।
४. बोलपत्र पेश गर्ने ईच्छुक निर्माण कम्पनी तथा व्यवसायीसँग भवन निर्माण गरेको अनुभव हुनुपर्ने छ।
५. बोलपत्रका साथ आफुले कबुल गरेको रकमको कम्तीमा ५% ले हुन आउने रकम संस्थाको प्रधान कार्यालयमा सम्पर्क गरी संस्थाले तोकेको खातामा जम्मा गर्नुपर्नेछ वा सो वरावरको बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ।
६ बोलपत्र साथनिवेदन, फर्म/कम्पनीको दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नम्वर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणको प्रतिलिपि, पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्र, निर्णय उतार, अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपि र निर्माण कम्पनी तथा व्यवसायीको विस्तृत विवरण (Profile) पेश गर्नुपर्नेछ।
७. ईच्छुक निर्माण कम्पनी तथा व्यवसायीले कम्तीमा एक जना प्राविधिक कर्मचारी राखेको हुनुपर्नेछ र त्यस्तो प्राविधिकको व्यक्तिगत विवरण बोलपत्र साथ पेश हुने विस्तृत विवरण (Profile) सँग संलग्न गर्नुपर्नेछ।
८. विस्तृत जानकारीको लागि यस संस्थाको प्रधान कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।
९. निर्माण सम्वन्धी अन्य शर्तहरु सम्झौतामा उल्लेख भए अनुरुप हुनेछन्।
१०. प्राप्त बोलपत्र पूर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।

**सुरक्षा पालुवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
SURAKSHYA PALUWA SAVING & CREDIT COOPERATIVE SOCIETY LTD.

**प्रधान कार्यालयः**
**पोखरा महानगरपालिका वडा नं. ३३**
**कालिका स्थान, कास्की ।**
**फोन नं. : ०६१-६२०१६२**
Email: surakshya.paluwa@gmail.com

# दूधमा आत्मनिर्भर बन्दै गण्डकी : बढ्दो महँगी किसानको चिन्ता

–वासुदेव पौडेल
पोखरा, १५ साउन (रासस)

सहरीकरणको विस्तारसँगै मुलुकका अधिकांश स्थानमा कृषिप्रति आकर्षण घटिरहेको बेला गण्डकी प्रदेश भने दूधमा आत्मनिर्भर बन्ने अवस्थामा पुगेको छ । पछिल्ला वर्षमा व्यावसायिक गाई तथा भैँसीपालन क्रमशः बढ्दै गएसँगै प्रदेशमा प्रतिदिन ६५ हजार लिटर दूध उत्पादन हुने गरेको छ ।

माग अनुसार दूध आत्मनिर्भरताको अवस्थामा पुगेको नेपाल डेरी एशोसिएशन गण्डकी प्रदेशका अध्यक्ष शिवहरि आचार्यले जानकारी दिनुभयो । “यहाँको मागको ९० प्रतिशत दूध गण्डकीमा उत्पादन हुने गरेको छ”, उहाँले भन्नुभयो, “पछिल्ला वर्षमा गाईपालनतर्फ सर्वसाधारण आकर्षित बन्दै गएका कारण हामी आत्मनिर्भर बन्दै गएका हौँ ।”

आचार्यका अनुसार गण्डकी प्रदेशमा स्थानीय उत्पादनका अतिरिक्त चितवन, नवलपरासी, कपिलवस्तु र रुपन्देहीबाट दूध आउने गरेको छ । गण्डकीको नवलपुरबाट अन्य प्रदेशमा दूध निर्यात हुने गरेको छ । प्रदेशको राजधानी पोखरासहित विभिन्न जिल्ला सदरमुकाममा दूधको खपत बढी हुन्छ । आचार्यले गण्डकीभित्र ठूला चार, मझौला आठ, साना २० र घरेलु १०० डेरी रहेको जानकारी दिनुभयो ।

दूधको सेवन गर्ने क्रम पछिल्ला वर्षमा बढ्दै गएकाले दिनानुदिन माग बढ्दो क्रममा रहेको व्यवसायी बताउँछन् । कोरोना कहरयता बढ्दो महँगी भने गम्भीर समस्याका रुपमा देखापरेको पोखरा महानगरपालिका-३३ भरतपोखरी बाघमाराका अगुवा किसान ठाकुर आचार्य बताउनुहुन्छ ।

विसं २०६६ पछि व्यावसायिक गाईपालनमा लाग्नुभएका आचार्यले अहिले दैनिक ५० लिटर दूध उत्पादन गर्दै आउनुभएको छ । उत्पादित दूधको बजारमा समस्या नभए पनि बढ्दो महँगीका कारण उत्पादनको लागत बढ्न गएको उहाँको भनाइ छ । आचार्यका अनुसार कोरोना कहर अघिसम्म रु आठ/नौ सयमा पाइने चोक्कर अहिले रु दुई हजार २०० पर्ने गरेको छ । त्यस्तै रु ४० हजारमा एक ट्रिप पराल आउने गरेकामा अहिले भने रु ९० हजारदेखि रु ९५ हजारसम्म पर्ने गरेको उहाँले दुःखेसो सुनाउनुभयो । “बढ्दो महँगीसँगै गाईको दूधको लागत प्रति लिटर रु एक सय १० सम्म पर्ने गर्छ तर सरकारी निर्धारित मूल्य अनुसार किसानले ५७/५८ रुपैयाँ मात्रै पाउने गरेका छन्”, उहाँले भन्नुभयो, “किसानका यी समस्यामा सरकारको ध्यान पुगेको छैन ।” व्यावसायिकताको विकाससँगै कास्कीको पोखरा महानगरपालिका-३३ भरतपोखरीको बाघमारा लगायतका स्थानले पछिल्ला समयमा राम्रो पहिचान बनाएका छन् । पछिल्ला वर्षमा व्यावसायिक रुपमा फस्टाउँदै गएको दुग्ध उत्पादनका साथै तरकारी खेतीसँगै बाघमारा दूधको सहरका रुपमा घोषित बनेको छ । दुई दशक अघि २०५० सालमा बाघमाराबाट दुग्ध विकास संस्थानलाई दूध सङ्कलन गरी बिक्री गर्न थालेसँगै यस क्षेत्रमा कृषिको व्यवसायिकतामा विकास भएको हो । विसं २०५७ पछि यस क्षेत्रमा गाईपालनप्रति आकर्षण बढ्दै गएको चिरगादी दुग्ध उत्पादक सहकारी संस्थाका पूर्व अध्यक्ष विश्वेश्वर हरामी बताउनुहुन्छ । सुरुमा दुग्ध विकास संस्थानले दूध लैजाने गरेको यस ठाउँमा २०६१ साल भदौदेखि नीजिस्तरबाट सञ्चालित पन्थी डेरीले बाघमारामा दूध सङ्कलन गर्न थालेको थियो । अन्य निजी डेरी पनि बाघमारामा सम्पर्कमा आउन थालेसँगै गाईपालनको वातावरण थप बढेको उहाँले बताउनुभयो । सुरुमा २०५०/५१ सालतिर तालचोकसम्म दूध पुऱ्याउनुपर्नेमा यातायातको सुविधासँगै २०६१ सालपछि पुलचोक दूध सङ्कलन केन्द्रका रुपमा विकास भएको थियो । पछिल्ला वर्षमा चिरगादीमा पक्की पुल बन्नुका साथै पोखराको दोभिल्ला हुँदै सवारीसाधन आवतजावत गर्न थालेका कारण उत्पादित दूध बजारमा पुऱ्याउन सहज भएको छ । बाघमाराबाट बजारमा दूधको बढ्दो मागका साथै पछिल्लो समयमा स्थानीय युवा पनि यसतर्फ आकर्षित बन्न थालेको उहाँले बताउनुभयो ।

# लायन्स क्लव अफ पोखरा चौतारीको २४ औ वर्ष प्रवेस

पोखरापत्र संवाददाता
पोखरा, १५ साउन



लायन्स क्लव अफ पोखरा चौतारीको २४ औ वर्ष प्रवेस गरेको अवसरमा आइतबार बिभिन्न कार्यक्रम गरी मनाईएको छ ।

सो अवसरमा पोखरा २५ हेम्जा स्थित मानवसेवा आश्रममा खाद्यन्न, बितरणका साथै बृक्षारोपण समेत गरीएको छ । समारोहमा लाईस क्लवका प्रथम भिडिजी हरि मरठ्ठालगाएत अन्य पदाधिकारीले आश्रमका अभिभावक दिनेश शर्मा खाद्यन्न हस्तान्त्रण गरेका थिए । आश्रममा आवश्यक रहेका दाल तेल र मरमसलाहरु हस्तान्त्रण गरिएको हो । कार्यक्रमा बोल्दै लायन्स क्लवका प्रथम भिडिजी हरि मरठ्ठाले साँचिकै मानव सेवामा रहेको उक्त आश्रमलाई आफ्नो क्लवले थप सहयोग गर्ने वताए । पिडिजी धुब थापाले धर्मका लागि मन्दिरमा मात्र होईन मानव सेवामा भगवान खुसि हुने वताए । कार्यक्रमा क्लवका अध्यक्ष गुरु पौडेल, लायन्सका बिभिन्न पदाधिकारी मध्ये, तेज बहादुर भट्टराई, प्रजापति बास्तोला,पुरुषोतम पराजुली, क्लका संस्थापक अध्यक्ष अर्जुन बन्जरा, जगदिस अधिकारी र कार्यक्रम सम्योजक रमेश पौडेलले लाईन्स वाद र मानव सेवाका बारेमा बोल्लेका थिए । सो अवसरमा संस्थापकहरुलाई सम्मान गरिएको छ । आश्रमका अभिभावक दिनेश शर्माले हाल आश्रमा १ सय भन्दा बढी असक्त, बिरामी मनोरोगी र बृद्धहरु रहेको वताए । उनले सवैको साथ र सहयोग वाट आश्रम सञ्चालन भएको वताए । ६३ रोपनी जग्गामा रहेको सो आश्रमको गुरु योजना १ अरवको रहेको छ । हाल ३ तले भवन समेत निमार्णाधिन रहेको छ । सो भवनका लागी लाईस क्लव ३२५ बिले १ लाख डलर सहयोग गर्न बचन यस अगाडी गर्वनर विशेश्वर आर्चायले वताएका थिए ।

# मर्स्याङ्दी जलविद्युत्‌को उत्पादन पूर्ण क्षमतामा

पोखरापत्र संवाददाता
दमौली, १५ साउन

तनहुँको आँबुखैरेनीस्थित मर्स्याङ्दी जलविद्युत् आयोजनाले पूर्ण क्षमतामा विद्युत उत्पादन गरिरहेको छ। ६९ मेगावाट क्षमताको आयोजनाले सोही क्षमतामा नै विद्युत् उत्पादन गरिरहेको हो ।

यसअगाडि क्षमताभन्दा कम विद्युत् उत्पादन भएकामा केही दिनदेखि वर्षा भएको र हिमाल पग्लिएर नदीमा पानीको बहाव बढेपछि पूर्ण क्षमतामा विद्युत् उत्पादन भएको मर्स्याङ्दी जलविद्युत् केन्द्रका प्रमुख बद्री फुयाँलले जानकारी दिनुभयो । उहाँका अनुसार तीन युनिटबाट २३/२३ गरी ६९ मेगावाट विद्युत् उत्पादन भइरहेको छ। “यो केन्द्रमा धेरै बाढी आएको बेला गेग्राङहरू थेग्राउने र काठ दाउरा निकाल्न मिल्ने गरी दुई गेट रहेकोले हाल पूर्ण क्षमतामा नै उत्पादन भइरहेको छ”, उहाँले भन्नुभयो ।

मर्स्याङ्दी हिमालबाट बगेर आएको नदी हो । गर्मी मौसममा तापक्रम बढ्दै जाँदा हिँउ पनि बढी पग्लिने र वर्षा धेरै हुँदा नदीमा मिसिने अन्य खोलानाला पानी धेरै हुने भएकोले नदीमा पानीको बहाव बढ्दा उत्पादन बढेको केन्द्रले जनाएको छ ।

# स्याङ्जामा आठ सय ९४ नयाँ उद्योग थपिए

पोखरापत्र संवाददाता
वालिङ, १५ साउन

स्याङ्जामा गत आर्थिक वर्ष २०७८/७९ मा आठसय ९४ वटा नयाँ उद्योग थपिएका छन् ।

जिल्लामा पछिल्लो समय ८९४ वटा कृषि तथा पशुपक्षी र ससानो पुँजीका घरेलु तथा साना उद्योग थपिएका हुन् । तुलनात्मकरुपमा जिल्लामा कृषि तथा पशुपक्षीसँग सम्बन्धित फार्म तथा उद्योग बढी थपिएका घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख श्रीप्रसाद रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार गत आर्थिक वर्षमा ८९४ घरेलु तथा साना उद्योग थपिँदा वाणिज्य (पसल, व्यवसाय)तर्फ ६८४ वटा नयाँ दर्ता भएका थिए । उद्योग तथा व्यवसाय महिलाका नाममा दर्ता गर्दा शुल्कमा ५० प्रतिशत छुट हुने भएकाले पनि महिलाका नाममा उद्योग तथा व्यवसाय दर्ता गर्नेक्रम बढ्दो रहेको छ । आव २०७७/७८ को तुलनामा आव २०७८/७९ मा उद्योग तथा व्यवसाय दर्तामा कमी आएको छ। आव २०७७/७८ मा एक हजार ४७५ उद्योग दर्ता भएका थिए भने ९६६ पसल तथा व्यवसाय दर्ता भएका थिए । आव २०७७/७८ को तुलनामा गत आवमा ५८१ वटा उद्योग दर्तामा कमी भएको छ भने वाणिज्यतर्फ २८२ दर्ता भएका थिए । पछिल्लो समय स्थानीय पालिकामा व्यवसाय दर्ता गर्ने गरिएकाले पनि घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता गर्नेक्रम घटेको कार्यालयले जनाएको छ ।

कार्यालयले गत आव मा ७९ वटा उद्योग र एक सय १० वटा वाणिज्य (पसल, व्यवसाय) को दर्ता खारेजी गरेको थियो । जिल्लामा २०७९ असार मसान्तसम्ममा आठ हजार ९१२ उद्योग दर्ता भएकामा पाँच हजार ८८३ वाणिज्य (पसल, व्यवसाय) दर्ता भई सञ्चालनमा रहेका छन् ।

कार्यालयले गत आव २०७८/७९ मा उद्योग व्यवसाय दर्ता, नवीकरण, विलम्ब शुल्क, नामसारी, ठाउँसारी, पुँजीवृद्धि, लगत कट्टा तथा खारेजीजस्ता कार्यबाट रु ७० लाख चार हजार ३४५ राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख रेग्मीले बताउनुभयो ।

# सामाजिक अगुवा बस्नेतको निधनप्रति पौडेलद्वारा दुःख व्यक्त

पोखरापत्र संवाददाता
दमौली, १५ साउन

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले सामाजिक अगुवा भीमबहादुर बस्नेतको निधनप्रति दुःख व्यक्त गर्नुभएको छ ।

व्यास नगरपालिका-१ रत्यौली निवासी एक सय वर्षीय बस्नेतको निधनप्रति वरिष्ठ नेता पौडेलले दुःख व्यक्त गर्नुभएको हो ।

पौडेलले आइतबार शोक वक्तव्य जारी गरी बस्नेतको निधनले एक कुशल सामाजिक एवं राजनीतिज्ञ गुमाउनुपरेको उल्लेख गर्नुभएको छ । पौडेलले स्व बस्नेतका छोरा एवं व्यास-१ का वडा सदस्य मणिजङ बस्नेतलगायत समस्त परिवारजनमा समवेदना व्यक्त गर्नुभएको छ । बस्नेतको शनिबार राति निवासमै निधन भएको हो । राप्रपा तनहुँका संस्थापकसमेत रहनुभएका बस्नेतको सामाजिक एवं राजनीतिक क्षेत्रमा उल्लेख्यनीय योगदान रहेको थियो । बस्नेतले दमौलीका विभिन्न शैक्षिक तथा सामाजिक सङ्घसंस्थामा रहेर योगदान पुऱ्याउनुभएको थियो ।

स्व बस्नेतको आज दमौलीस्थित मादीसेती घाटमा दाहसंस्कार गरिएको छ। बस्नेतको पार्थीव शरीरमा गण्डकी प्रदेशका आन्तरिक मामिलामन्त्री डोवाटे विश्वकर्मा, संविधानसभा सदस्य रामचन्द्र पोखरेल, जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, व्यास नगरपालिकाका प्रमुख बैकुण्ठ न्यौपाने लगायतले अन्तिम श्रद्धाञ्जली व्यक्त गर्नुभएको थियो । बस्नेतको निधनले यस क्षेत्रले सामाजिक अगुवा गुमाएको भन्दै विभिन्न व्यक्तिले दुःख व्यक्त गर्नुभएको छ । व्यास नगरपालिका-१ का वडाध्यक्ष रमेशचन्द्र हड्खलेले बस्नेतको निधनले एक कुशल व्यक्तित्व गुमाउनुपरेको भन्दै दुःख व्यक्त गर्नुभयो । नेपाली कांग्रेसका केन्द्रीय सदस्य शङ्कर भण्डारीले बस्नेतको निधनप्रति दुःख व्यक्त गर्दै शोक सन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गर्नुभएको छ ।

# म्याग्दी र कालीगण्डकीमा बढ्यो पानीको सतह

पोखरापत्र संवाददाता
म्याग्दी, १५ साउन

दिनभर म्याग्दीका उच्च पहाडी र हिमाली क्षेत्रमा भएको वर्षाका कारण म्याग्दी र कालीगण्डकी नदीमा पानीको सतह बढेपछि तटीय क्षेत्रका बासिन्दा त्रसित भएका छन् ।

दुवै नदीमा साबिकको भन्दा धेरै पानीको सतह बढेपछि स्थानीय निकायले सचेत रहन तटीय क्षेत्रका बासिन्दालाई सूचित गरेको छ । पश्चिम म्याग्दी हुँदै बग्ने म्याग्दी नदीमा पानीको बहाव बढेको छ। जिल्लाको माथिल्लो क्षेत्रमा उच्च वर्षा भएपछि नदी किनारका बस्तीका बासिन्दाहरू त्रसित भएका छन् । मनसुन सुरु भएपछि पहिलोपटक म्याग्दी नदी बढेको मङ्गला गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र आचार्यले बताउनुभयो ।

बाबियाचौर आसपासको तटीय क्षेत्रमा आवतजावत गर्नेलाई सचेत हुनसमेत अपिल गरिएको छ । त्यस्तै मुस्ताङ हुँदै बग्ने कालीगण्डकी नदीको माथिल्लो क्षेत्रमा नदीको सतह शनिबारको तुलनामा धेरै बढेको दानाका पर्यटन व्यवसायी इन्द्रसिंह शेरचनले बताउनुभयो । जिल्ला विपद् व्यवस्थापन समिति यस अगाडि जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्रसँग समन्वय गर्नेगरी जिल्लाका ६ वटै स्थानीय तहले कालीगण्डकी र म्याग्दी नदी तटका बस्तीलाई बाढीबाट हुने धनजनको क्षति न्यूनीकरण गर्न सहज हुने गरी सम्पर्क व्यक्ति खटाउने बताए पनि हालसम्म कार्यान्वयनमा आएको छैन ।


## नेपाल आयल निगम लिमिटेड
## गण्डकी प्रादेशिक कार्यालय, पोखरा

### मौजुदा सूची (स्टाण्डिङ् लिष्ट) मा दर्ता गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/१६**

यस कार्यालयको लागि आ.व.२०७९/०८० को लागि तपशिल बमोजिमका बस्तु तथा सेवा आपूर्ति गर्न/गराउनको लागि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ र निगमको आर्थिक प्रशासन तथा खरिद सम्वन्धी विनियमावली, २०६४ को दफा ४४ बमोजिम मौजुदा सूची दर्ता कार्यका लागि निम्न बमोजिमको योग्यता पुगेका ईजाजत प्राप्त ईच्छुक व्यक्ति, रजिष्टर्ड फर्म, कम्पनी तथा संस्थाहरुले निम्न बस्तु तथा सेवाहरु मध्ये आफुले आपूर्ति/ प्रदान गर्ने बस्तु तथा सेवाको छुट्टाछुट्टै विवरण उल्लेख गरि रु. १०।-(दश)को टिकट टाँस गरि रितपूर्वक सूचि दर्ताको लागि यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**क) खरिद तथा आपूर्ति**
१. छपाई तथा मसलन्द (स्टेशनरी) र अन्य कार्यालय सामानहरु आपूर्ति गर्ने ।
२. विद्युतीय सामानहरु जस्तै : Air Condition, Computer, Printer, CCTV, UPS, Fax, Photocopy Machine, Battery, Fan, Router, Switch, EPABX तिनका पाटपूर्जा आपूर्ति गर्ने कार्य
३. पर्दा, कार्पेट तथा अन्य ।
४. सेनेटरी तथा सरसफाई सम्बन्धी सामानहरु
५. फर्निचर तथा फर्निचर जन्य ।

**ख) मर्मत तथा निर्माण सेवा**
१. सवारी साधनहरु (कार, मोटर साईकल, स्कुटर, दमकल र रिफ्यूलर) ।
२. जेनेटर, ट्रान्सफर्मर तथा लोडिङ्ग तथा अनलोडिङ्ग मोटरहरु ।
३. Computer, Printer, UPS, Fax, Photocopy, AC, Router, Switch, EPABX आदि ।
४. फर्निचर सम्बन्धी ।
५. विद्युत/विद्युतीय सामानहरु ।
६. भवन तथा डिपो परिसर ।
७. स्टोरेज टैंक तथा पाईपलाईनको रंग रोगन ।
८. सिभिल, मेकानिकल र ईलेक्ट्रीकल सम्बन्धी ।

**ग) सेवा तथा अन्य**
१. कुरियर सेवा ।
२. परामर्श सेवा ।
३. पिउने पानी ।
४. सवारी साधन भाडामा दिने ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू**
१. संस्था वा फर्म दर्ताको प्रमाणपत्रको फोटोकपी ।
२. स्थायी लेखा नम्बर प्रमाणपत्रको फोटोकपी ।
३. मू.अ.कर दर्ता प्रमाणपत्रको फोटोकपी ।
४. आ.व.२०७८/०७९ को कर चुक्ता प्रमाणपत्रको फोटोकपी ।
५. माथि उल्लेखित समूहहरुको छुट्टाछुट्टै आवेदन पेश गर्नुपर्नेछ ।

**पुनश्च**: माथि उल्लेखित सूची दर्ताको लागि निवेदन दिदा प्रत्येक विषय स्पष्टसँग लेख्नु पर्ने छ । रित नपुगी पेश भएको निवेदनलाई मान्यता दिईने छैन । प्राप्त दरखास्तहरु स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । थप जानकारीका लागि यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी प्राप्त गर्न सकिने छ ।

**नेपाल आयल निगम लिमिटेड**
**गण्डकी प्रादेशिक कार्यालय, गगनगौंडा, पोखरा**
**फोन नं. ०६१-४२११६५**